सिरीजङ्घा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(योजना तथा अनुगमन शाखा)
तेल्लोक, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल।

पत्र संख्याः २०८२/०८३ मितिः २०८३/०१/२१
च. नं. १२० (सुचना नं.)

**दोस्रो सिरीजङ्घा पर्यटन महोत्सवको आयोजना गर्ने सम्बन्धी प्रस्ताव आव्हानको सूचना ।**

(प्रथम पटक प्रकाशित मिति २०८३/०१/२१)
(प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८३/०१/२७)

प्रस्तुत विषयमा सिरीजङ्घा गाउँपालिकाको आ.व. ०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०८३।०२।१५, १६ र १७ गते सम्म सञ्चालन हुने दोस्रो सिरीजङ्घा पर्यटन महोत्सव -२०८३ मुख्य आयोजक भई संचालन गर्न इच्छुक समूह/संघ/संस्थाहरुले प्रथम पटक यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन गाउँ कार्यपालिकाको मितिः २०८३/०१/१५ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**निम्नः**

| क्र.सं. | कार्यक्रम | बजेट | कार्यक्रम संचालन गर्नु पर्ने स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | दोस्रो सिरीजङ्घा पर्यटन महोत्सव -२०८३ | लागत साझेदारी सहित जम्मा रकम रु.१६,००,०००।- भन्दा बढीको प्रस्ताव गर्न पाईनेछैन। | सिरीजङ्घा गाउँपालिका वडा नं. ८ याम्फुदिन (छुमादिन) | सबभन्दा कम रकम कबोल भएको प्रस्तावलाई स्वीकृत गरिनेछ। |

आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न गर्नुपर्नेछ।

**तपशिलः**

१. निवेदन (संस्थाको लेटरप्याडमा)
२. दोस्रो सिरीजङ्घा पर्यटन महोत्सव -२०८३ कार्यक्रम संचालन कार्ययोजना।
३. ८ नं. वडा कार्यालय, सिरीजङ्घा गाउँपालिकाको सिफारिस
४. पानमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
५. गत आ.व.को लेखा परिक्षण भएको प्रतिवेदनको प्रतिलिपि
६. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
७. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि
८. सिरीजङ्घा गाउँपालिका भित्रका संघ संस्थाहरुले पर्यापर्यटनको क्षेत्रमा कार्य गर्न सक्ने संस्थागत क्षमता पेश गर्नुपर्ने छ।
९. अन्य कुराहरुको कार्यक्षेत्र शर्त वमोजिम हुनेछ।

नोटः आवेदकहरुले निवेदन र संक्षिप्त कार्य योजनाको ढाँचा कार्यक्षेत्रगत शर्त यस कार्यालयको वेवसाईट www.sirijanghamun.gov.np बाट डाउन्लोड गरि लिन सकिनेछ।

**कार्यक्रम सञ्चालन सम्बन्धी शर्तहरुः**

१. कन्चनजङ्घा साहसिक म्याराथन रनिङ शिल्ड ट्रफि (११६ तोला ४२ लाल चादीँको) आयोजना अवधिभर गाउँपालिकाबाट उपलब्ध गराईनेछ। महोत्सव सम्पन्न भएपछि पुनः गाउँपालिकामा फिर्ता गर्नुपर्नेछ।

२०८३/०१/२१

२. पुरस्कार तर्फ

क) प्रथम पुरस्कारः रकम रु. १,०८,५८६।० (अक्षरेपी एक लाख आठ हजार पाँच सय छयासी रुपैयाँ मात्र)

ख) द्धितिय पुरस्कार रकम रु. ५८,५८६।० (अक्षरेपी अन्ठाउन्न हजार पाँच सय छयासी रुपैयाँ मात्र)

ग) तृतिय पुरस्कार रकम रु. २८,५८६।० (अक्षरेपी अठ्ठाईस हजार पाँच सय छयासी रुपैयाँ मात्र)

३. महोत्सव आयोजकले अनिवार्य २०(बीस) प्रतिशत लागत साझेदारी गर्नुपर्नेछ। सो भन्दा माथि लागत साझेदारी गरेमा फरक पर्नेछैन।

४. मुख्य आयोजकको रुपमा सम्बन्धित संस्था रहने छ र मुख्य प्रवर्द्धकको रुपमा सिरीजङ्घा गाउँपालिका रहनेछ।

५. महोत्सव अन्तर्गतको कञ्चनजङ्घा साहसिक म्याराथन रनिङ -२०८३ सिरीजङ्घा गाउँपालिका वडा नं. ८ याम्फुदिनको छुमादिन देखी दुण्डु डाँडाँ सम्मको हुनुपर्नेछ।

६. महोत्सव सञ्चालन गर्न ईच्छुक संस्था मु.अ. करमा अनिवार्य दर्ता हुनुपर्नेछ।

७. महोत्सवको आयोजना मिति २०८३ साल जेष्ठ १५, १६ र १७ गते सम्म ३ (तीन) दिन सञ्चालन गर्नुपर्नेछ।

८. म्याराथनमा सहभागि हुने खेलाडीहरुको व्यवस्थापन (खाना, आवास, जर्सी, प्राथमिक उपचार, प्राविधिक जनशक्ति आदि) गर्नुपर्नेछ।

९. प्रमुख अतिथि, विशिष्ट अतिथि, अथिति, चर्चित राष्ट्रिय कलाकारहरुको अधिकतम संख्या ५० जना सम्म मात्र निर्धारण गरिएकोछ।

१०. कञ्चनजङ्घा भू-परिधि क्षेत्रमा उत्पादन हुने बस्तु तथा सामाग्रीहरुको बिक्री कक्षको समेत व्यवस्थापन गर्नुपर्नेछ। उक्त क्षेत्रका साँस्कृतिक धरोहरको प्रवर्द्दन हुने कार्यक्रमको बन्दोबस्त गर्नुपर्नेछ।

११. प्राविधिक तथा आर्थिक प्रस्ताव छुट्टा छुट्टै सिलबन्दी खाममा पेश गर्नुपर्नेछ।

१२. उच्च गुणस्तरीय मिक्चर साउण्ड सिस्टम, स्वागत गेट, लाईट मञ्चको व्यवस्थापन गर्नुपर्नेछ।

१३. विश्वको तेस्रो हिमाल कञ्चनजंघाको प्रचारप्रसार प्रभावकारी रुपमा गरि पर्यापर्यटन व्यवसायले आन्तरिक आम्दानीमा टेवा पुग्नुपर्ने किसिमको हुनुपर्नेछ।

१४. संस्थाले दोस्रो सिरीजङ्घा पर्यटन महोत्सवलाई थप औचित्यपूर्ण बनाउनको लागि आवश्यक थप कार्यक्रमहरु तय गर्न सक्नेछ।

१५. कञ्चनजङ्घा संरक्षण क्षेत्रसँग आवश्यक समन्वय, सहकार्य, परामर्श गर्नुपर्नेछ।

१६. अन्य शर्तहरु थप वा घट गर्नुपर्ने भएमा पुनः सूचना प्रकाशन गरिनेछ।

२०८२/०१/२९

..............................................
ज्वाला वि.क.
शाखा अधिकृत, अधिकृत स्तर सातौं